जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्ष: ११, अंक: १८५ पृष्ठ: ४ | २०८१ मंसिर ०४ गते मंगलबार (Tuesday 19 Nov. 2024) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## तरकारीमा उत्पादन घटेपछि परनिर्भर बन्दै लहान



**जीवछ यादव**

लहान, ३ मंसिर। केही वर्ष पहिले तरकारी उत्पादनमा आत्मनिर्भर रहेको लहान यतिबेला परनिर्भर हुन थालेको छ। लहानको मुख्य चोकमा रहेको तरकारी बजारमा साँझ बिहान तरकारी खरिद गर्नेहरूको भिड लागेको हुन्छ। तरकारी खरिद गर्न आउने उपभोक्तालाई यतिबेला भारतीय बजारबाट आएको तरकारी महँगोमा खरिद गर्नुपर्ने बाध्यता रहेको स्थानीयको भनाइ छ।

भारतीय बजारबाट बिनाजाँच आएको तरकारी स्वास्थ्यका लागि अहितकर रहेको उपभोक्ताको बुझाइ रहे पनि प्रशासनले चासो नदिएको गुनासो छ। लहान वडा -७ का पूर्व वडाध्यक्ष राकेश रोशन गुप्ताले भन्नुभयो, "उमेर ५० वर्षभन्दा बढी हुन लाग्यो यत्रो महँगो तरकारी कहिले पनि खरिद गर्नुपरेको थिएन। स्थानीय किसानहरूले पहिले बजारमा पुग्ने तरकारीको आपूर्ति गर्दा मूल्य पनि कम हुन्थ्यो।" महँगो मूल्यमा खरिद गर्नुपरेको तरकारी भारतीय बजारबाट आइरहेकाले कति विषादी हुन्छ, यसको कुनै जाँच नभएको उपभोक्ताले बताएका छन्। लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाई लहानमा भइरहेको पाँचसय हेक्टर खेतीमा हुने तरकारी खेती घटेको बताए।

तरकारी पकेट क्षेत्र रहेको वडाहरूमा उत्पादन घटेपछि भारतीय तरकारीमा परनिर्भर हुनु परेको कतिपयको भनाइ छ। तरकारी उत्पादन घट्नुको प्रमुख कारण युवाहरू तरकारी खेतीभन्दा वैदेशिक रोजगारीमा जान थालेपछि घरमा रहेका महिला र वृद्धवृद्धाले तरकारी खेती गर्न नसकेको अवस्था छ। लहान नगरपालिकाको तरकारी खेतीप्रति युवाहरूमा आकर्षण ल्याउन कृषि शाखा प्राविधिकको संख्या बढाउनुपर्ने माग छ। तरकारी खेती आकर्षण प्याकेट ल्याउन पहल थाल्नुपर्ने विषयमा गम्भीर हुन आवश्यक रहेको लहान -२३ का वडाध्यक्ष बद्रीनारायण यादवले बताए।

उनका अनुसार भारतीय बजारबाट बिहानै दुई मिनीट्रक तरकारी आउँदा त्यसको कुनै जाँच भारतीय सीमामा भइरहेको छैन। प्रहरी र भन्सारको मिलेमतोमा आइरहेको तरकारी स्वास्थ्यका हिसाबले कमजोर रहेको छ। लहान-१३ का तरकारी खेतीतर्फ लाग्नु भएको कृषक सत्यनारायण यादव भन्नुहुन्छ, 'यस भन्दाअघि वडा सदस्यमा समेत निर्वाचित हुँदा पनि आफू एक बिघा तरकारी खेती गरेर वर्षको पाँच लाखभन्दा बढी

-बाँकी तीन पेजमा

## वेथिति विरुद्ध माओवादी केन्द्रले गरे आन्दोलनको घोषणा




सिरहा, ३ मंसिर। गोलबजार नगरपालिले गरेको कर वृद्धि, अनियमितता र वेथिति विरुद्ध नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) गोलबजार नगर कमिटीले आन्दोलनको घोषणा गरेको छ पार्टी नगर कमिटीले नगरपालिकाले भूमिमा वृद्धि गरेको करको दर घटाउन गरेको माँगको वेवास्ता गरेको र विकास निर्माणमा हुने अपारदर्शी र अनियमिताको विरुद्ध आज पत्रकार सम्मेलन पत्रकार सम्मेलनमार्फत चरयावद्ध आन्दोलन गर्ने घोषणा गरेको हो।

गोलबजार नगरपालिकाले चालु आर्थिक वर्ष २०८१/०८२ मा भुमिमा लाग्दै आएको कर अत्यधिक वृद्धि गरेको र नेकपा माओवादी केन्द्रले त्यसमा विरोध जनाए पनि वेवास्ता गरिएकोले आन्दोलन गर्न बाध्य भएको आन्दोलन समितिका संयोजक जीवन कुमार यादवद्वारा जारी प्रेस विज्ञप्तीमा उल्लेख गरेको छ। विज्ञप्तीमा 'साविकमा प्रति कठ्ठा ५ रुपैयाँ मात्र मालपोत तिर्दै आएका जनताले वृद्धि पश्चात ४ सय रुपैयाँ तिर्नुपर्ने बाध्यता आएको छ। यो किसानमारा, जनविरोधी कार्य तत्काल सच्यान माँग गर्दछौं।' भन्ने उल्लेख गरिएको छ।

त्यसैगरी नगरपालिकाबाट हुने

-बाँकी दुई पेजमा

## जनकपुर बोल्टस्का जर्सी सार्वजनिक

जनकपुर, ३ मंसिर। यही मङ्सिर १५ गतेबाट हुन लागेको एनपीएल अन्तर्गत फ्रेन्चाइज टिमको रुपमा सहभागी हुन लागेको जनकपुर बोल्टस्को जर्सी जनकपुरधाममा सार्वजनिक गरिएको छ। मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद कुमार जयसवाल तथा जनकपुर बोल्टस् कप्तान आशिफ शेकले विशेष कार्यक्रमका बीचमा जर्सी सार्वजनिक गर्नुभएको हो।

कार्यक्रममा टिमका तर्फबाट फेस अफ दि बोल्टस् अन्डर १९ महिला टिमका कप्तान पूजा महता घोषणा गर्नुका साथै १९ महिला वर्ल्ड कपमा क्वालिफायर हुनुभएकोमा टिमका तर्फबाट महतोलाई नगद ५० हजार सहित सम्मानित गरिएको थियो। प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद कुमार जयसवालले मधेश प्रदेश सरकारले मधेशमा खेलकुदको विकास गर्नका लागि केही दिन अगाडी मात्र खेलकुदको विधेयक प्रदेश सभाबाट सर्वसम्मतिले पारित गरेर प्रदेश प्रमुखबाट प्रमाणीकरण भएर राजपत्रमा प्रकाशनको क्रममा रहेकाले विधेयक खेलकुदको

-बाँकी तीन पेजमा

## महिला हिंसाका घटनालाई कानूनी दायरामा ल्याऔं

- महिला हिंसा जोसुकैबाट जुनसुकै बेला जहाँसुकै पनि हुन सक्छ,
- हिंसाका घटना लुकाउँदा, ढाकछोप गर्दा पीडक थप उत्साहित हुन सक्छन्,
- उत्साहित पीडकले थप घटना घटाउन सक्छन्, आफन्त, नातेदार, छिमेकी, साथीभाई वा सहकर्मी भनी पीडकलाई उम्कन नदिऔं, पीडकलाई कानूनी दायरामा ल्याऔं, सभ्य समाजको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




CITY TRADE CONCERN
Hero Showroom Lahan-3,
Global Bank को तल, पूर्व बस स्टेण्ड
Contact No. 033-565201, 565202, 9852831698




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 9801591693 | 9819784901

# सम्पादकीय

## दलगत भागबन्डा रोक्ने आँट गर !

लामो समयदेखि पदाधिकारीमा दलगत भागबन्डा गरिँदा त्रिभुवन विश्वविद्यालय (त्रिवि) लगायतको गुणस्तर निरन्तर खस्कँदै गएको छ। सरोकारवाला सबैले यसप्रति चिन्ता पनि प्रकट गरेका छन्। दुर्भाग्य, सुधारको पूर्वसर्त मानिने भागबन्डाको अन्त्य गर्न भने कोही पनि तयार देखिएनन्। त्रिविको वर्तमान उपकुलपति 'प्रतिस्पर्धा'बाट चयन गराएको थियो। हुनत, त्यो प्रतिस्पर्धाको प्रक्रिया र परिणाम पनि विवाद मुक्त हुन भने सकेको थिएन। तैपनि, प्रतिस्पर्धाको थालनीलाई सकारात्मकरूपमै हेरिएको थियो। तर, त्यसको पनि परिणाम भने सन्तोषजनक देखिन सकेको छैन। प्रतिस्पर्धामा छानिएका उपकुलपति पनि अन्ततः सत्तालाई रिझाउने रोगबाट मुक्त भएनन्। उनका प्रमुख सहयोगी शिक्षाध्यक्ष र रजिस्ट्रारको छनोटमै अलमल भयो। अन्ततः उपकुलपतिकै सिफारिसअनुसार पदाधिकारी नियुक्त त भए तर डिन र क्याम्पस प्रमुखहरूको नियुक्ति भने हुनसकेको छैन।

यसबीच डिन र क्याम्पस प्रमुखको नियुक्ति पनि प्रतिस्पर्धाबाटै गर्न त्रिविले सिफारिस समितिहरू गठन गरी आवेदन मागेको थियो। छनोट समितिहरूले प्रत्येक पदका लागि ३र३ जनाको नाम सिफारिस गरे पनि त्रिवि कार्यकारी परिषद्ले निर्णय गर्न सकेको छैन। त्रिवि कार्यकारी परिषद् उपकुलपतिको अध्यक्षतामा पदाधिकारीसहित ७ जनाको हुने व्यवस्था छ। सामान्यतः परिषद्ले परिषद्ले उपकुलपतिकै निर्णय अनुमोदन गर्ने गर्छ। यसैले उपकुलपति चाहेमा वा आँटेमा परिषद्ले निर्णय गर्न नसक्ने हुनै सक्दैन। प्रतिस्पर्धाबाट आएको भनिए पनि त्रिविका उपकुलपतिले विश्वविद्यालयको सुधारका लागि आवश्यक अठोट र योग्यता देखाउन सकेनन्। लथालिङ्ग त्रिविको शैक्षिक तालिकादेखि अध्ययन अध्यापनको आधुनिकीकरणसम्मका समस्याको सम्बोधनका लागि भरपर्दो खाकासम्म पनि अहिलेसम्म सार्वजनिक भएको छैन।

दीर्घकालीन सुधारको खाका कोर्न समय लाग्छ भन्ने मान्दा पनि डिन, क्याम्पस प्रमुखजस्ता पदहरूमा नियुक्तिका लागि उपकुलपतिले दलका नेताहरूको ढोका चाहर्नु हुँदैन थियो। यस्तै, आफू दलगत पक्षधरता मुक्त भएर विवेक प्रयोग गर्न सके मातहतका पदहरूमा नियुक्तिका लागि राजनीतिक दलका नेताको इसारा कुर्ने थिएनन् होला। अहिले कुनै पनि प्रभावशाली राजनीतिक दलका नेताबाट दलभन्दा देशको हितले प्राथमिकता पाउने अपेक्षासम्म पनि गर्नु हास्यास्पद हुन्छ। त्रिविका उपकुलपतिले पनि यति त पक्कै बुझेकै हुनुपर्छ। दलगत भागबन्डाकै कारण विश्वविद्यालयको स्तर खस्केको थाहा भइसकेपछि पनि त्यही प्रथामा अलमलिनु पक्कै पनि बुद्धिमानी होइन।

खुला प्रतिस्पर्धाको प्रक्रियामा प्रवेश गरिसकेपछि फेरि दलगत भागबन्डाको प्रथामा फर्कनु विश्वविद्यालय सुधारको आशा मेटाउनु ठहरिनेछ। यसैले छनोट समितिहरूको सिफारिसअनुसार योग्य व्यक्तिलाई सम्बन्धित पदमा नियुक्त गर्ने आँट उपकुलपतिले गर्नुपर्छ। उपकुलपतिको अकर्मण्यताले प्रतिस्पर्धात्मक छनोट पनि काम लाग्दैन भन्ने छाप पर्न सक्छ।

# उपनिर्वाचन : माओवादीको किल्ला भत्काउन एक ठाउँमा उभिएका कांग्रेस–एमाले

**कृष्ण गिरी**

१६ मंसिरमा हुने स्थानीय तहको उपनिर्वाचनका लागि दलहरूसँगै केही ठाउँमा स्वतन्त्र उम्मेदवारहरू चुनावी मैदानमा होमिएका छन्। यो निर्वाचनलाई सत्ताधारी दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेसहित विपक्षमा रहेका दलहरूको पनि जनमत परीक्षणका रूपमा हेरिएको थियो। तर, अधिकांश स्थानमा दलहरू गठबन्धन गरेर चुनावी मैदानमा उत्रिएका कारण वास्तविक जनमत परीक्षण हुने आधार देखिएको छैन।

रोचक त के भने सरकार बनाउन सहकार्य गरेका कांग्रेस र एमालेले नै यो उपनिर्वाचनमा गठबन्धन गरेका छन्।रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्ष र वडाध्यक्षमा कांग्रेस र एमालेले गठबन्धन गरेका छन्। काठमाडौंको कीर्तिपुर नगरपालिका र काठमाडौंको– १६ को वडाध्यक्षमा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले गठबन्धन गरेका छन्।

रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्षको लागि कांग्रेस र एमालेको गठबन्धनलाई निकै चासोका साथ हेरिएको छ। यहाँ उपाध्यक्षमा एमालेको तर्फबाट केशकुमारी तुलाचन उम्मेदवार छिन्। उनी एमालेको जिल्ला कमिटी उपसचिव हुन्। तर यो उपनिर्वाचनमा उनको चुनाव चिह्न भने नेपाली कांग्रेसको रुख छ। गत भदौमा उपाध्यक्ष भुपेन्द्रा बुढाको दुर्घटनामा परेर निधन भएपछि रिक्त पदमा उपनिर्वाचन हुन लागेको हो। बुढा माओवादी केन्द्रबाट निर्वाचित थिइन्।

यो पालिकामा माओवादी केन्द्रको वर्चश्व भएका कारण एमाले कांग्रेसले गठबन्धन गर्नु परेको एमालेका जिल्ला अध्यक्ष लिलामणि गौतमम बताउँछन्। उनले भने, 'यहाँ माओवादी केन्द्रको वर्चश्व छ। हामी दुवै पार्टी मिल्दा पनि २०७९ सालको निर्वाचनमा माओवादीले ल्याएको भन्दा हाम्रो १ सय ३४ भोट कम छ। यसपटक भने हामी जित्छौँ।'

२०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनमा ११ हजार २ सय ५३ जना मतदाता थिए। उपाध्यक्षमा माओवादीकी भुपेन्द्रा बुढाले ४ हजार ५९ मतसहित विजयी हुँदा कांग्रेसकी कमला शाही मल्लले २ हजार १० र एमालेकी धर्म घर्ती बुढाले १ हजार ८ सय १२ मत प्राप्त गरेकी थिइन्। जनमतका हिसाबले एमाले तेस्रो दल हो।

एमालेले अघिल्लो स्थानीय तहको निर्वाचनमा पराजित उम्मेदवार धर्म घर्ती बुढालाई टिकट नदिएर केशकुमारी तुलाचनलाई उम्मेदवार बनाएको छ। एमालेले उम्मेदवार लिएर चुनाव चिह्न कांग्रेसको रुख लिनुको कारण भने कांग्रेसीहरूको मत हो। कांग्रेसले सूर्यमा मतदान नगर्ने भएका कारण रुख चिह्न रोजिएको एमाले गाउँ कमिटी अध्यक्ष लक्ष्मण बुढा मगर बताउँछन्। उनले भने,'गठबन्धन गर्दा दुवै पार्टीबीच अपनत्व होस् भनेर एमालेको उम्मेदवार र कांग्रेसको चुनाव चिह्न बाँडेका हौँ।कांग्रेसका साथीहरूले सूर्यमा भोट हाल्दैनन् कि भन्ने डर पनि अलि अलि रहने कुरा भयो।'

तर, एमाले र कांग्रेस एक ठाउँमा आए पनि माओवादी नेताहरू भने आफ्नै जित हुने दाबी गर्छन्। माओवादी स्थायी समिति सदस्य कमला रोकाले भनिन्, 'रुकुमपूर्वको जिल्ला माओवादीको अत्याधिक बहुमत भएको जिल्ला हो। उपनिर्वाचन हुन थालेको गाउँपालिकामा २०७९ मा अध्यक्ष, उपाध्यक्ष र १४ मा ११ वटा वडा माओवादीले जितेको छ। पालिकाले राम्रो काम गरिरहेको छ। यहाँ माओवादीविरुद्ध कांग्रेस एमाले मिलेपनि जित्न सक्नुहुन्न। हामी जितलाई कायम राख्छौँ।'

यसबाहेक उपनिर्वाचन हुने अन्य स्थानमा पनि कांग्रेस एमालेले सहकार्य गरेका छन्। दैलेखको महाबु गाउँपालिकाको अध्यक्षका लागि सात जना उम्मेदवार मैदानमा छन्। कांग्रेसबाट झलकबहादुर भण्डारी, एमालेबाट जंगबहादुर शाही, माओवादी केन्द्रबाट जंगबहादुर बराल, एकीकृत समाजवादीबाट जगतबहादुर हमाल, राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रकाशकुमार बुढा, राप्रपाबाट सुर्जे रावत र नेपाल मजदुर किसान पार्टीबाट दुर्गबहादुर मगरले अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराएका छन्।

यहाँ अघिल्लो पटक कांग्रेसका लछुमन गुरुङ निर्वाचित भएका थिए। तर, गुरुङको २७ माघ २०७९ मा ७६ वर्षको उमेरमा निधन भएको हो। पूर्वी रुकुममा गठबन्धन गरेका कांग्रेस एमाले महाबुमा भने प्रमुख प्रतिस्पर्धी हुन्। यहाँ कांग्रेसलाई अघिल्लो जितलाई कायम राख्नु पर्ने चुनौती छ। एमालेले नेकपा एसबाट फर्काएर जंगबहादुर शाहीलाई उम्मेदवार बनाएको छ। महाबुमा यसअघि कांग्रेस र माओवादी केन्द्रबीच गठबन्धन थियो। यसपटक भने माओवादी केन्द्रले पनि उम्मेदवार उठाएको छ। एमालेका शाही अघिल्लो पटक पनि नेकपा एसबाट उम्मेदवा बनेका थिए। तर कांग्रेस र माओववादीका उम्मेदवार भने नयाँ छन्।

आफू युवा भएकाले मतदाताको मन आफूले जित्न सक्ने कांग्रेसका भण्डारीको दाबी छ। राष्ट्रिय स्वतन्त्र पार्टीले पनि उम्मेदवार उठाएको छ। उसको जनमत स्थानीय तहमा पहिलो पटक परीक्षण हुनेछ। यो पालिकामा मुख्य प्रतिस्पर्धा कांग्रेस एमाले र माओवादीको हुने बताइन्छ।

उपनिर्वाचन हुनेमध्ये काठमाडौंको कीर्तिपुर नगरपालिकामा पनि सर्वाधिक चासो छ। कांग्रेसबाट मेयरमा निर्वाचित राजकुमार नकर्मीको निधनपछि यहाँ उपचुनाव हुन लागेको हो। यहाँ कांग्रेसले कृष्णमान डंगोलाई उम्मेदवार बनाएको छ उनी नेपाली कांग्रेस कीर्तिपुर नगर समिति सभापति पनि हुन्। स्थानीय तहमा पार्टी एकढिक्का भएकाले जित सुनिश्चित भएको कांग्रेस काठमाडौं जिल्ला सभापति सबुज बाँनिया बताउँछन्। उनले भने,' हामीले सबैको चित्त बुझाएर टिकट वितरण गरेका छौँ। पार्टी एकढिक्का भएर निर्वाचनमा होमिएको छ। हामी जित्छौँ।'

नेकपा एमालेको तर्फबाट कीर्तिपुरको मेयरमा सुरेन्द्र मानन्धरले उम्मेदवारी दिएका छन्। उनी एमाले भित्रका १० बुँदे समूहका नेता हुन्। उनले यो क्षेत्रबाट २०७० सालमा संविधानसभाको सदस्यको लागि पनि निर्वाचन लडेका थिए। तर पराजित भएका थिए। एमालेमा आन्तरिक रूपमा समस्या नभएर नै सबैभन्दा पहिला उम्मेदवार घोषणा गरेको एमाले काठमाडौं जिल्ला अध्यक्ष दीपक निरौला बताउँछन्। उनले भने, '२०७९ सालमा प्राविधिक कारणले कीर्तिपुरको मेयरमा पराजित भएका थियौँ। अर्को विभाजनको असर थियो। अहिले प्राविधिक रूपमा पनि केही समस्या छैन। विभाजनको असर सकिएको छ। अब हामी निर्वाचन जित्छौँ।'

माओवादी केन्द्रले कीर्तिपुरको मेयरमा शिवशरण महर्जनलाई उठाएको छ। महर्जनलाई एकीकृत समाजवादीले समर्थन गर्ने समझदारी बनेको छ। गत स्थानीय तहको निर्वाचनमा तेस्रो भएको माओवादी केन्द्र उम्मेदवार राम्रो भएकाले र सरकारमा हुँदा राम्रो काम गरेकाले जित्ने माहौल बनेको माओवादी बागमती प्रदेश उपाध्यक्ष रूपा महर्जनले बताइन्। उनले भनिन्, 'माओवादीको अघिल्लो स्थानीय तहको भन्दा राम्रो माहौल बनेको छ। माओवादी जित्ने सम्भावना छ। कांग्रेस र एमालेले एक एक कार्यकाल काम गर्दा काम गर्न नसकेको जनताको भनाइ छ। माओवादीले केन्द्र सरकारमा हुँदा राम्रो काम गरेको प्रभाव स्थानीय तहमा परेको छ। हामी यो पटक कीर्तिपुरमा जित्छौँ।'

काठमाडौं महानगरपालिका वडा नम्बर १६ मा पनि सबैले चासोका साथ हेरेका छन्। यहाँ कांग्रेसबाट मुकुन्द रिजाल वडाध्यक्षमा निर्वाचित भएका थिए। उनको गएको भदौ २१ गते निमोनियाबाट निधन भएपछि सो पद रिक्त भएको थियो। आइतबार सो वडामा आठ दलसहित ११ स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दर्ता गराए। आफैँले जितेको वडा भएकोले फेरि जित्नैपर्ने र जनमत यथावत रहेको देखाउनु पर्ने दबाबमा कांग्रेस छ। ६३ वर्षे लक्ष्मीरत्न तुलाधरलाई उठाएको एमाले १६ नम्बरमा जित्नैपर्ने बाध्यतामा छ। एमाले छोडेर बसेका रामवीर मानन्धर फर्किएपछि जित्ने आधार थप बलियो भएको एमालेका नेताहरू बताउँछन्।

यहाँ राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा)ले महिला अभियन्ता रोजिना श्रेष्ठलाई उठाएको छ। एकीकृत समाजवादीले ६० वर्षका मीनबहादुर मानन्धरलाई उठाएको छ। नेकपा एसलाई यो वडामा माओवादी केन्द्रको साथ छ। मोरङको ग्रामथान गाउँपालिकामा कांग्रेसबाट विजयी जयप्रकाश गच्छदारको गएको असारमा मृत्यु भएपछि उपनिर्वाचन हुँदै छ। यहाँ नेपाली कांग्रेसबाट बलराम सरदार, एमालेबाट तुलसीराम विश्वास र माओवादी केन्द्रबाट नमोनारायण माझी अध्यक्षको उम्मेदवार छन्। तीनै जनाबीच प्रतिस्पर्धा हुने देखिन्छ।

सुदूरपश्चिममा एक जिल्ला समन्वय समिति प्रमुख, एक उपाध्यक्ष र चार वडाध्यक्षका लागि उपनिर्वाचन हुँदै छ। जिल्ला समन्वय समिति कैलालीको प्रमुख, बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाको उपाध्यक्ष तथा बझाङको सुर्मा गाउँपालिका–४, डोटीको पूर्वीचौकी गाउँपालिका–६, दार्चुलाको दुहु गाउँपालिका–५ र कञ्चनपुरको भीमदत्त नगरपालिका–६ मा वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुन लागेको हो।

# प्रहरीमा थिति बसाल्ने हो भने...

**सशांक रेग्मी**

आन्तरिक सुरक्षा व्यवस्थापनमा सक्रिय गृह मन्त्रालयमातहतको नेपाल प्रहरीको जनस्तरमा सन्निकट छ र व्यापकरूपमा फैलिएको छ। यो संस्था चुस्त हुँदामात्रै विधिको शासन चरितार्थ हुनसक्छ। औपचारिक रूपमा नेपाल प्रहरी ऐन, २०१२ पछिमात्र नेपालमा प्रहरीको संस्थागत विकास सुरु भएको हो। प्रहरी बलियो भए कानुनी शासन स्थापित गर्न सहयोग पुग्छ। तर, अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरणमा रमाइरहने र शासनमा हालीमुहाली जमाउने वर्गले प्रहरीलाई थिलथिलो पारी नै राख्यो। स्वार्थमा लिप्त प्रहरी अधिकारीहरूले नै त्यस वर्गलाई हौसला दिइरहे।

प्रहरीसँग जनस्तरबाट नागरिक समाजलगायतबाट यावत् गुनासा छन्। त्यस्ता गुनासा सम्बोधन गर्दै थिलथिलो भएको संगठनलाई पूर्णजागृत बनाउन समयमै कदम चाल्नुपर्ने हुन्छ। नत्र, संगठनप्रति जनविश्वास समाप्त हुन सक्छ।

**प्रहरी ऐनभित्रै चलखेलको छिद्र**

प्रहरीमा चलखेलका लागि छिद्र सिर्जना गरेकै प्रहरी ऐन, २०१२ ले हो। दफा ३९ ले प्रहरी सेवा सर्त सुविधासम्बन्धी व्यवस्था प्रहरी नियमावलीमा उल्लेख गर्न सकिनेछ लेदिएको छ। राजनीतिक नेतृत्वले समय समयमा आफू खुसी स्वार्थ अनुकूल संगठन सञ्चालन गर्न नियमावलीलाई नै अस्त्र बनायो। कतिपय अवस्थामा त सेवा अवधि संशोधन नियमावलीमार्फत गर्दै रत्न शमशेर जस्तो काबिल प्रहरी महानिरीक्षकलाई घर पठाइयो। सेवा अवधि पदोन्नतिजस्ता सारभूत सबाल ऐनमा नराखेर नियमावलीमा राख्नु उपयुक्त होइन।

राजनीतिक नेतृत्व अनुकूल वा 'सेटिङ' अनुसार होइन पद्धतिअनुसार संगठन चल्ने सारभूत व्यवस्था प्रहरी ऐनमा नै रहनुपर्छ। पहिलो त प्रहरीमा अत्यधिक चलखेल हुने कार्यसंपादन मूल्याङ्कनको चरण बढुवा समितिको ७.५ अङ्क हो। यो निकै आलोचित छ।

**किन राखियो त बढुवा समिति ?**

प्रहरी नियमावलीमा राजपत्राङ्कित कर्मचारीको हकमा तीन वर्ष पुगेमा बढुवा हुन योग्य हुने व्यवस्था रहेकामा प्रहरीमा बढुवामा ज्येष्ठता नमिचियोस् भन्ने हेतुले बढुवा समितिको व्यवस्था भएको देखिन्छ। तर, प्रहरी बढुवामा विकृति ल्याएको भने चाहि त्यही बढुवा समितिले नै हो। नियमावलीमा राजपत्राङ्कित कर्मचारी बढुवाका लागि योग्य हुने समयावधि ३ वर्षबाट फेरेर उचित समयावधि कायम गर्नुपर्ने र आर्थिक वर्ष सकिनु अगावै अर्थात् असार मसान्तभित्र बढुवा समितिको अङ्कभरी ३ प्रतिलिपि तयार गर्नुपर्ने, एक प्रति लोकसेवा आयोगको कार्यालयमा दोस्रो प्रति गृह मन्त्रालयमा र तेस्रो प्रहरी प्रधान कार्यालयमा पठाउनुपर्ने व्यवस्था गर्नुपर्छ। यसले निष्पक्षता कायम गरी अन्त्यमा हुने बढुवा समितिको चलखेलमा अंकुश लगाउँछ। अर्को बढुवा समितिको अङ्क भार ३ मा घटाई तालिमको अङ्क वृद्धि गर्नु वाञ्छनीय देखिन्छ।

प्रहरी कल्याण कोषको खर्च सबै उचित छन् त ? के सबै खर्च न्यायसंगत छन् त ? प्रहरी कल्याणकोषमा रकम प्रहरी विद्यालय, प्रहरी पेट्रोल पम्पलगायतबाट प्राप्त हुन्छ। सो खर्च विशेषगरी अमर अशक्त प्रहरी कर्मचारी परिवारको हितमा खर्च हुनुपर्ने हो। तर त्यसमा तगारो बन्न पुगेको छ प्रहरी महिला संघ। 'हुन्छौँ पण्डित बाजे घुँडा घसी घसी हुन्छ्यौ,

**–बाँकी तीन पेजमा**

# निजीको अटेरी, सरकारी संस्थामा पीजी सिट थप्ने तयारी

काठमाडौं, ३ मंसिर। निजी मेडिकल कलेजले चिकित्सा शास्त्रको स्नातकोत्तर तह (पीजी) पढाउन अस्वीकार गरेसँगै सरकारले सरकारी अस्पतालमै सिट बढाउने तयारी गरेको छ। चिकित्सा शिक्षा आयोगले स्नातकोत्तर तह (पीजी) अन्तर्गतको एमडी, एमएस र एमडीएसका लागि सिट संख्या माग गर्न निजी मेडिकल कलेजलाई २१ भदौसम्मको समयसीमा दिएको थियो। तर पीजी पढ्ने विद्यार्थीलाई दिनुपर्ने निर्वाह भत्ताको विषयमा असहमति जनाउँदै निजी मेडिकल कलेजले आवेदन नै माग गरेका छैनन्।

स्नातकोत्तर तह (पीजी) अन्तर्गतका आवासीय चिकित्सकलाई अधिंकाश निजी मेडिकल कलेजले कम तलब स्केलमा काम लगाएको भन्दै विरोध भएपछि चिकित्सा शिक्षा आयोगले तोकिएको भत्ता दिने निश्चित नभएका कलेजलाई सिट नतोक्ने निर्णय गरेको थियो। आयोगले गरेको निर्णय मान्न तयार नभएको जिकिर गर्दै निजी मेडिकल कलेजका सञ्चालकले ६० लाख रुपैयाँमा मात्र पीजी कार्यक्रम पढाउन सक्ने जिकिर गरेका थिए। तर आयोगले भने पीजी पढ्ने विद्यार्थीलाई ८ औं तह मेडिकल अफिसर बराबरको निर्वाह भत्ता सुनिश्चित नभएसम्म निजी मेडिकल कलेजलाई सिट संख्या तोक्न नसकिने अडान राखेको छ।

पीजीका लागि मेडिकल कलेज तथा प्रतिष्ठानहरुले स्वमूल्यांकन गरी आफ्ना संस्थामा कुन विषयमा कति सिट आवश्यक छ भनेर माग दाबी गर्दै चिकित्सा शिक्षा आयोगमा आवेदन दिनुपर्छ। त्यसको आधारमा आयोगले कलेजहरुको अनुगमन गरेर पिजीका लागि विद्यार्थी सिट निर्धारण गर्छ।

आयोग उच्च स्रोतका अनुसार सरकारी अस्पतालले सिट संख्याको माग गरिसकेका छन्। यही हप्ता अनुगमनर निरीक्षण गरेर सिट संख्या तोक्न लागिएको छ।'अघिल्ला वर्षभन्दा यस बर्ष सरकारी अस्पतालको क्षमता विस्तार भएको भन्दै केही सिट बढाएर माग्नुभएको छ', आयोग उच्च स्रोतले भन्यो, 'शैक्षिक संस्थाको अनुगमन गर्दा पढाउने क्षमता भए हामीले सिट संख्या थप्ने योजना बनाएका छौं।'

तर आयोगले दिएको समयसीमा भित्र आवेदन नदिएका कारण निजी मेडिकल कलेजमा सिट संख्या तोक्न नसकेको आयोगका अधिकारीहरु बताउँछन्। गत वर्ष स्नातकोत्तर तह (पिजी) मा करिब एक हजार ३०० सिट छुट्याइएको छ। जसमध्ये १४ वटा निजी मेडिकल कलेजका लागि ७०० भन्दा बढी सिट छुट्याइएको थियो। तर यस वर्ष निजी मेडिकल कलेजले आवेदन नदिएका कारण एमडी, एमएस र एमडीएसका करिब ७०० सिट खेर जाने देखिएको छ। चिकित्सा शिक्षा आयोगले भने सरकारी अस्पतालको क्षमता भए केही सिट थप्न सकिने जनाएको छ। आयोगका उपाध्यक्ष डा. अञ्जनीकुमार झाले अहिलेसम्म सरकारी अस्पतालले माग गरेको सिट संख्याको फाइल नखुलेको प्रतिक्रिया दिए। 'आयोगले छिट्टै नै सरकारी संस्थाको अनुगमन गर्ने तयारी गरेको छ। त्यसपछि मात्रै कुन संस्थाले कति मागे भन्ने स्पष्ट होला', डा. झाले भने।

चिकित्सा क्षेत्रका विज्ञहरुका अनुसार, मेडिकल शिक्षाको पीजी अध्ययन अन्य विषय भन्दा फरक प्रकृतिको हुन्छ। एमबीबीएस अध्ययन पूरा गरी नेपाल मेजिकल काउन्सिलको परीक्षा पास गरेकाहरुले मात्र पीजी अध्ययन गर्न पाउँछन्। यो विशेष प्रकारको व्यावहारिक र सैद्धान्तिक तालिम हो, जसमा पूर्ण योग्यता प्राप्त चिकित्सकको निगरानी र निर्देशनमा काम गर्दै सिक्ने प्रक्रिया चलेको हुन्छ। बिरामीहरुको जाँच गर्दै सिक्ने हुनाले उनीहरुको कामबाट अस्पताल तथा मेडिकल कलेजहरुले आम्दानी पनि गरिरहेका हुन्छन्।

तर, निजी मेडिकल कलेजमा पीजी अध्ययनरत विद्यार्थीमाथि श्रम शोषण भइरहेको आवाज उठिरहेको छ। निजी मेडिकल कलेजले पीजी अध्ययनरत विद्यार्थीलाई मासिक १८ देखि २० हजार रुपैयाँ मात्र दिने गरेका छन्। स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव डा. टंक बराकोटीको नेतृत्वको समितिले पनि आवासीय चिकित्सकमाथि श्रम शोषण भएको ठहर गरेको थियो। त्यही समितिले आवासीय चिकित्सकहरुलाई ८ औं तहको चिकित्सकको बराबर निर्वाह भत्ता दिन चिकित्सा शिक्षा आयोगलाई सुझाव दिएको थियो।

पाँच वर्ष अध्ययन गरेर एमबीबीएस गरेको चिकित्सकलाई ८ औं तहको मेडिकल अफिसर सरहको सुविधा दिन सक्दिन भन्नु न्यायसंगत नभएको चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) का पूर्वडिन डा. जगदीश अग्रवाल बताउँछन्। आवासीय चिकित्सकहरूको कार्यक्षेत्र र जिम्मेवारी व्यापक छ। उनीहरूले अस्पतालमा लगातार ३६ घण्टासम्म एक सिफ्टमा ड्युटी गर्नुका साथै आकस्मिक विभाग, वार्ड, बिरामी भर्ना, डिस्चार्ज, विभिन्न चिकित्सकीय प्रक्रियाहरू, नमूना संकलन, रिपोर्टिङ, परामर्श जस्ता महत्वपूर्ण काम गर्छन्।

आवासीय चिकित्सकहरूको दैनिक जीवन अत्यन्त कठिन हुन्छ। एमबीबीएस र एक वर्षको इन्टर्नसिपपछि डाक्टरहरूले पोस्ट ग्र्याजुएट (पीजी) अध्ययन गर्छन्। यो शैक्षिक कार्यक्रम विधा अनुसार ३ देखि ७ वर्षसम्म चल्न सक्छ। यो समयावधि विशेषज्ञ चिकित्सक बन्ने महत्वपूर्ण चरण हो, जहाँ उनीहरूले अधिकांश समय अस्पतालमै बिताउनुपर्ने हुन्छ। विकसित देशमा स्नातकोत्तर ( पीजी) तहका विद्यार्थीहरूले शुल्क तिर्नुपर्दैन। अर्थ मन्त्रालयले आवासीय चिकित्सकलाई मेडिकल अफिसर बराबरको सेवा सुविधा दिने निर्णय गरिसकेको छ। जसअनुसार सरकारी संस्थामा यो नीति लागु भइसकेको छ।

आवासीय चिकित्सकहरूको कार्यबोझ कम गर्ने, उचित सुविधा प्रदान गर्ने र नियमित सुपरीवेक्षणको व्यवस्था गर्ने जस्ता कदम तत्काल चाल्नुपर्ने आवश्यकता देखिएको विज्ञहरु बताउँछन्। तर निजी मेडिकल कलेजहरु भने त्यसका लागि तयार छैनन्। चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. झाले भने, 'डाक्टर भइसकेकालाई श्रम शोषणा गर्न पाइदैन। जबसम्म तोकिएको भत्ता सुनिश्चित हुँदैन निजी मेडिकल कलेजलाई सिट संख्या तोक्न सकिँदैन।'

# उपनिर्वाचन हुने स्थानीय तहहरुलाई निर्वाचन आयोगको आठ बूँदे निर्देशन

काठमाडौं, ३ मंसिर। निर्वाचन आयोगले उपनिर्वाचन हुने स्थानीय तहहरुलाई आठ बूँदे निर्देशन जारी गरेको छ। उपचुनाव हुने स्थानीय तहहरु भित्र आचार संहिता अवधिभित्र कुनै पनि उद्घाट्न, शिलान्यासलगायता कामहरु नगर्न आयोगले निर्देशन दिएको छ। यस्तै, आयोगले यही मंसिर ५ गतेदेखि मंसिर १६ गतेसम्म उपनिर्वाचन हुने स्थानीय तहहरुमा मदिराजन्य पदार्थ बिक्री वितरण र सेवन गर्न नपाइने व्यवस्था गर्न पनि भनेको छ। आयोगले लेखेको पत्रमा उपनिर्वाचन हुने ३३ जिल्लाका ४४ स्थानीय तहमा शान्ति सुरक्षाको ब्यवस्था मिलाउन तथा मंसिर १६ गते मतदानको दिन मतदातालाई मतदान केन्द्रसम्म पुग्ने वातावरण बनाउन भनिएको छ।

निर्वाचनको स्वच्छता, स्वतन्त्रता र निष्पक्षतामा प्रतिकुल प्रभाव नपर्ने गरी सम्बन्धित स्थानीय तहका मतदाताहरूको सहज आवागमनको लागि सार्वजनिक यातायात सञ्चालन गर्ने व्यवस्था मिलाउन आयोगले भनेको हो। मंसिर १३ गतेदेखि मौन अवधि लागू हुने भएकाले उक्त अवधिमा प्रचार प्रसारमा रोक लगाउन पनि आयोगले सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुलाई भनेको छ। मसिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि हिजो मनोनयन दर्ता भईसकेको छ भने आज उम्मेदवारहरु विरुद्ध उजुरी दिने अवधि तोकिएको थियो।

# आगोले पोलेर घाइते महिलाको उपचारका क्रममा मृत्यु

सर्लाही, ३ मंसिर। खाना पकाउने क्रममा आगोले पोलेर घाइते भएकी एक महिलाको उपचारको क्रममा मृत्यु भएको छ। जिल्लाको ईश्वरपुर नगरपालिका–६, झन्झट टोल निवासी ३८ वर्षीया नैमुन खातुनको उपचारको क्रममा सोमबार मृत्यु भएको हो। खातुनको १९ वर्षकी छोरी आशो खातुन भने उपचारपछि घर फर्किएकी छन्। गत कात्तिक २५ गते बिहान खाना पकाउने क्रममा 'एलपी' ग्याँस लिक हुँदा आगोले दुवै जनालाई पोलेको थियो।

तत्काल स्थानीयले उद्धार गरी बयलवासस्थित अस्पतालमा सामान्य उपचार पछि थप उपचारका लागि आमा नैमुन खातुनलाई किर्तिपुर पु–याए पनि सो अस्पतालका चिकित्सकले उपचार नहुने भन्दै फर्काइ दिएका थिए। पुनः चितवनस्थित भरतपुर अस्पताल पु–याइ उपचार गर्ने क्रममा उहाँको मृत्यु भएको प्रहरीले जनाएको छ।आगोले आमा नैमुनको ७५ प्रतिशत र छोरी आशोको १५ प्रतिशत शरीरको भाग जलेको जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए।

## प्रहरीमा थिति...

पण्डितनी बजै घरमा बसी बसी'। सायद यतिले महिला संघको औचित्य छ वा छैन प्रष्ट पारिसकेको होला। प्रहरी महिला संघले आयोजना गरेका कार्यक्रम अर्थहीन हुने गर्छन्। प्रहरीको सन्ततिका निम्ति कार्य गर्नुभन्दा पनि दानको नाटकमा घुमफिर गर्ने र आफ्नो शान्तिका लागि आध्यात्मिक कार्यक्रमहरू आयोजना गरिन्छ। तर, ती निमुखा प्रहरी जवान र प्रहरी हवल्दारका निम्ति भने कहिले नसोच्ने प्रहरी जुनियर अधिकृतलगायत प्रहरी जवानका परिवारले भने न्याय पाउन सकेनन्।

प्रहरी कर्मचारीको सेवा सुविधा र वेतन हेरेर हरेक प्रदेशमा प्रहरीलाई आवास निर्माण गरे बाहिर परिवारको निम्ति महँगो भाडा तिरेर बस्नुपर्ने बाध्यता अन्त्य हुन्छ। प्रहरी आवास प्रहरी विद्यालय निकट हुनुपर्छ। यसरी प्रहरीलाई आफ्नो सन्ततिका चिन्ता हुँदैन। त्यसअतिरक्त कार्य विशिष्टीकरणको सिद्धान्तअनुरूप गृह प्रशासन समूह हुनुपर्छ। प्रहरीसँग निकट रही आन्तरिक सुरक्षामा कर्मचारीतन्त्रको सहयोग र राजनीतिक समर्थनका रूपमा गृह मन्त्रालय र मातहतका जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालयमा आउने कर्मचारी देशको आन्तरिक सुरक्षाबारे ज्ञान र दखल राखेको हुनुपर्छ। रिजर्भ फोर्स, असल्ट फोर्स नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई कुन समयमा कसरी उचित ढंगले परिचालन गर्नेलगायत ज्ञान उसमा हुनुपर्छ। त्यसैले प्रशासन सेवाभित्र सामान्य प्रशासन सेवामा भन्दा पनि छुट्टै गृह प्रशासन समूह गठन गरी आन्तरिक सुरक्षा व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका खेल्ने कर्मचारी विकास गर्नुपर्छ।

**आर्थिक ब्युरोको स्थापना**

हाल गम्भीर प्रकृतिको सङ्गठित अपराध र राष्ट्रियस्तरमा ध्यान आकर्षण गरेको मुद्दाहरू केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले हेर्ने गर्छ। तर, आर्थिक अपराध प्राविधिक विषय भएकाले आर्थिक ब्युरोको स्थापना वाञ्छनीय देखिन्छ। कतिपय अवस्थामा प्रहरीको विज्ञता नभएमा चार्टर्ड एकाउन्टेन्टजस्तो जनशक्तिसमेत प्रयोग गर्नुपर्छ।प्रहरी नियमावलीको नियम १९ मा करार सेवामा नियुक्त गर्नसक्ने व्यवस्था छ। प्राविधिक प्रहरी समूहको कुनै उपसमूहका लागि कुनै व्यक्तिको विशेषज्ञता आवश्यक छ भन्ने नेपाल सरकारलाई लागेमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिई त्यस्तो व्यक्तिलाई प्राविधिक प्रहरी समूहको सम्बन्धित उपसमूहको रिक्त पदमा बढीमा दुई वर्षसम्मका लागि विशेषज्ञको रूपमा काम गर्ने गरी करारमा नियुक्ति गर्न सकिनेछ। उक्त प्रावधानअनुरूप आर्थिक ब्युरोमा चार्टर्ड एकाउन्टेन्ट नियुक्त गर्न सकिन्छ।

गृह मन्त्रालयले लामो समयदेखि प्रयोग गर्दै आएको सुराकी खर्च दुरुपयोग भएपछि यसको चारैतिर विरोध भयो। पूर्वगृहमन्त्री नारायणकाजी श्रेष्ठको पालामा यो काटिएको थियो। अनेक अपराध नियन्त्रण निम्ति सीआईबीतिर 'डाइभर्ट' गर्न सकिन्छ। पछिल्लो समयमा ब्युरोले ठूलाठूला अपराधमा अनुसन्धान गरेको छ। उसलाई सुराकी परिचालन खर्च उपलब्ध गराएमा अझ प्रभावकारी हुनसक्थ्यो।

**सुरक्षा सेवा आयोग**

प्रहरीको पदोन्नतिको विषय निकै आलोचित छ। प्रहरी आफैं पनि 'चेन अफ कमान्ड'मा चल्नुपर्ने संगठन भएकाले आफ्नो विषय आफैँले उठाउन पनि संकोच हुने गर्छ। तसर्थ, प्रहरीको सरुवा बढुवालगायत मानव संशाधन व्यवस्थापनसम्बन्धी सम्पूर्ण विषय प्रभावकारी बनाउन सुरक्षा सेवा आयोग गठन गर्नुपर्छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागलाई यसमा समावेश गर्नुपर्छ। प्रधानमन्त्री कार्यालय मातहत लगिएको राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालयसँगै राखेमा परिचालन गर्न गृह मन्त्रालयलाई सहज पनि हुने देखिन्छ।

राष्ट्रिय सुरक्षा व्यवस्थापनअन्तर्गत पर्ने आन्तरिक सुरक्षा व्यवस्थापनको 'न्युक्लियस' नेपाल प्रहरी प्रभावकारी परिचालन गर्न राज्यले समयमै समुचित कदम नचाले कानुनी शासन कमजोर हुने र प्रहरीमार्फत शासनको सुखद अनुभूति जनस्तरमा नपुग्ने भएकाले प्रहरीको मानव स्रोत व्यवस्थापन प्रभावकारी बनाई प्रहरीलाई मनोबलयुक्त बनाउनु हालको टड्कारो आवश्यकता हो। (रेग्मी, जनप्रशासनमा अध्ययनरत छन)

## वेथिति विरुद्ध...

विकास निर्माण, अपादर्शी ढङ्गले भएको कर्मचारी भर्ना तत्काल सच्याउनु पर्ने र स्वास्थ्य चौकी तथा सशस्त्र प्रहरी बल रहेको जग्गा अधिग्रहण गर्न उदासिनता देखाएको भन्दै त्यसतर्फ पार्टीको ध्यानाकर्षण भएको जनाइएको विज्ञप्तीमा उल्लेख गरिएको छ। नगरपालिकामा हुँदै आएको गतिविधिहरुले पछिल्ला दिनहरुमा स्थानीय सरकार नै नभएको जनताले महसुस गरेको भन्दै जनप्रतिनिधी र कर्मचारी जनताप्रति जवाफदेहि हुनपर्ने माँग गरेका छन्।

संघर्ष समितिले पार्टीले उठाएको जायजमाँगप्रति नगरपालिका गम्भिर नभएकोले संघर्षका कार्यक्रमहरु सार्वजनिक गरेका छन्। जारी विज्ञप्तीमा मंसिर ४ गते गोलबजारमा खवरदारी सभ, ६ र ७ गते कालोपट्टी बाँधेर नगरपालिकाको गेटमा धर्ना दिने, मंसिर ७ गते भित्र सबै वडाहरुमा नगरपालिकामा भईरहेको वेथिति विरुद्ध अन्तक्रिया गर्ने, ९ गते नगरपालिकामा सिट्ठी जुलुस गर्ने र ११ गते नगर प्रमुख , उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यालयमा पस्न एक रोक लगाउने संघर्षको कार्यक्रमहरु घोषणा गरिएको छ। नेकपा माओवादीका नेता प्रवेश लामाले पत्रकार सम्मेलनमा आन्दोलनको औचित्य र बाध्यताबारे थप प्रष्ट पारेका थिए। उनले नगरपालिकाले विपक्षी राजनीतिक दलहरुले उठाएको सवालमा ढाँट्ने, टार्ने र अल्मल्याउने गरेको बताउँदै अव त्यस्तो गतिविधि धैरैदिध नचल्ने बताए।

त्यसैगरी अर्का नेता उमेकश बरालले नगरापलिकाले अहिले गर्दै आएका जनविरोधी गतिविधि अव आफ्नो पार्टीले हेरेर वस्न नस्कने भन्दै नगरपालिकाको विरुद्ध जनताको पक्षमा हुने संघर्षका कार्यक्रमहरुमा सवै दल, नागरिक समाज र बुद्धिजीविहरुलाई साथ सहयोग गर्न अपिल गरे।

## जनकपुर ...

विकासका लागि कोशेढुङ्गा सावित हुने बताउनुभयो।

नेपाल क्रिकेट संघका केन्द्रीय उपाध्यक्ष रोशन सिंहले मधेश प्रदेशमा खेलकुदको व्यापक सम्भावना भएको बताउँदै प्रदेश सरकारले खेलकुदको विकासमा अझ बढी सक्रियता देखाउन आवश्यक भएको बताए। जनकपुर बोल्टस्का डाइरेक्टर अलि श्रेष्ठको अध्यक्षतामा भएको सो कार्यक्रममा जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार, मटिहानी नगरपालिकाका प्रमुख हरि मण्डल, मङ्हा नगरपालिका प्रमुख सञ्जीव कुमार साह, नेपाल क्रिकेट संघका मधेश प्रदेश अध्यक्ष सुनिल महासेठ र अन्डर १९ महिला टिमका कप्तान पूजा महतोले नेपालका क्रिकेट खेलको व्यापक सम्भावना भएको बताए।

## तरकारीमा उत्पादन...

आम्दानी गर्नुहुन्थ्यो। नगरपालिका कृषि शाखाले जुन किसिमको तरकारी खेतीको लागि रणनीति बनाउनुपर्ने हो, त्यस किसिमको रणनीति बन्न नसक्नु वैदेशिक रोजगारमा जाने युवालाई तरकारी खेतीतर्फ आकर्षण गराउन बजार र पुँजीको व्यवस्था गर्नुपर्ने कतिपयको सुझाव छ।

लहान, धनगढीमाई, गोलबजार, मिर्चैयार र कर्जन्हा नगरपालिकाको उत्तरी भेग, सुखीपुर नगरपालिका, नरहा, विष्णुपुर र अर्नमा गाउँपालिका गरी हजारौँ हेक्टरमा तरकारी उत्पादन गरेर भारतीय बजारमा निर्यात गर्नुपर्ने तरकारी भारतीय बजारबाट ल्याउनु परिरहेको वातावरणविद् दिनेश यादवले बताए।

# मधेश लोकसेवा आयोगको परीक्षा निष्पक्ष नभएको आरोप




जनकपुर, ३ मंसिर। मधेश प्रदेश लोकसेवा आयोगको परीक्षा निष्पक्ष नभएको परीक्षार्थीले गुनासो गरेका छन्। २०७८ सालमा भएको कृषि इन्जिनियर सेवा समूहको सातौं तहको लिखित परीक्षामा परीक्षार्थीबीच विभेद भएको खुलेको छ। मधेश लोकसेवा आयोगले कृषि समूह कृषि इन्जिनियरको सातौ तहको लिखित परीक्षा २२ मंसिर २०७९ मा लिएको थियो। जनकपुरधामको जानकी मध्यमिक विद्यालयको दुईवटा कोठामा परीक्षा भएको थियो। सम्पर्कमा आएका केही परीक्षार्थीका अनुसार कोठा नं. एफ–४ मा लिइएको प्रथम पत्रको परीक्षामा क्याल्कुलेटर चलाउन अनुमति दिइएको थियो भने कोठा नं. एफ– ५ मा क्याल्कुलेटर चलाउने अनुमति दिइएको थिएन।

त्यसै दिन दुई घण्टापछि भएको दोस्रो पत्रको परीक्षामा एफ–५ मा क्याल्कुलेटर चलाउने अनुमति दिइयो भने एफ– ४ मा दिइएन। एकै परीक्षा केन्द्रमा एकै सेवा समूहको लागि कसरी दुई आदेश भयो, साथै केन्दीय लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको नियम तथा नामावली वमोजिम परीक्षा नभएको स्पस्ट देखिएको भन्दै परीक्षार्थीहरु आफूहरू मार्कामा परेको गुनासो गरेका छन्। एक परीक्षार्थीका अनुसार त्यतिबेला परीक्षापछि यो विषय उठाउँदा आयोगका अधिकारीहरुले उल्टै धम्काएका थिए। पछि यस विषयमा निवेदन दिंदा आयोगले दर्ता समेत दर्ता गरेन। त्यस बेला आयोगका अध्यक्ष सुरेन्द्रप्रसाद यादव थिए।

'हामी निवेदन दिन आयोगमा पुगेका थियौं। त्यस बेला अध्यक्षजी बाहिर हुनुहुन्छ। निवेदन दर्ता हुँदैन, तर यो परीक्षा रद्द हुन्छ भनेर हामीलाई आस्वस्त बनाएर आयोगले फर्कायो। दुईवर्षपछि त्यही निष्पक्ष नभएको परीक्षाको रिजल्ट प्रकाशित गरेको छ', एक परीक्षार्थीले भने, 'लोकसेवा आयोगमाथि कसरी विश्वास गर्नु ?' त्यस बेला परीक्षार्थीले परीक्षा केन्द्रमा गार्ड बसेकासँग गरेको प्रश्नमा भिडियो र लोकसेवा आयोगको कार्यालयमा पुगेर गरेको गुनासोको भिडियो अनलाइनखबरलाई प्राप्त भएको छ। जसमा खटेका एक गार्डले एकजना परीक्षार्थीले क्याल्कुलेटर प्रयोग गरेको स्वीकारेका छन्।

त्यस्तै लोकसेवा आयोगमा पुगेर परीक्षार्थीहरुले गुनासो गर्दा एक कर्मचारीले दुवै कोठामा क्याल्कुलेटर प्रयोग गर्न नभनेको भिडियोमा सुनिन्छ। भिडियोमा तत्कालीन सचिव नरेशराज खरेल देखिन्छन्। एक पदको लागि भएको सो परीक्षाको नतिजा गत १० कात्तिकमा आयोगले प्रकाशित गरेको छ। जसमा सहभागी ११ जना सहभागी परीक्षार्थीमध्ये ३ जना सफल भएका छन्। गत कात्तिक २७ गते भएको अन्तर्वार्तामा एकजनाको नाम सिफारिस भएको छ।

तीन महिनाअघि लोकसेवा आयोगका अध्यक्ष बनेका शिवराम यादव निवेदन परेपछि यो घटनाको विषयमा बुझ्दा परीक्षार्थीबाट कुनै प्रकारका निवेदन दर्ता नभएको बताए। एउटा सब्जेक्टिभ प्रश्नपत्रमा एउटा १० पूर्णाङ्कको हिसाब गर्नुपर्ने सामान्य प्रश्न भएको बताउँदै उनले त्यसको लागि क्याल्कुलेटरको पनि आवश्यकता नभएको तर्क गरे। 'एउटा सामान्य प्रश्नको लागि हिसाब क्याल्कुलेटरबिनै गर्न सकिन्छ। अब्जेक्टिभ प्रश्नपत्रमा क्याल्कुलेटरको आवश्यकता नै छैन', अध्यक्ष यादवले भने, 'एउटा कक्षामा एकजनाले क्याल्कुलेटर प्रयोग गरेको भएपनि लिखितमा पास त दुबै कक्षाका परीक्षार्थी भएका छन्। प्रश्नपत्रमा भएको सामान्य एउटा हिसाब भएको प्रश्नको उत्तर दिन नसक्ने परीक्षार्थी लोकसेवामा पास नै हुन सक्दैनन्।'

उनले त्यसबेला नै परीक्षार्थीहरुले उजुरी दिएर अघि बढ्नुपर्नेमा दुई वर्षपछि प्रकाशित नतिजाको बेलामा निवेदन गर्नु भन्दा मिहिनेत गरेर आगामी परीक्षाको लागि तयारी गर्न परीक्षार्थीहरुलाई सुझाव दिए। केही परीक्षार्थीहरुले परीक्षा बदर नगरे मुद्दा लिएर अदालत जाने चेतावनी दिएका छन्।

# शिक्षक सरुवाको बिषय लिएर मेयरमाथि आक्रमणको प्रयास

रौतहट, ३ मंसिर। रौतहट स्थित शिक्षक सरुवाको बिषय लिएर देवाही गोनाही नगरपालिका भवन र मेयर प्रेमलाल साहको घरमा भएको आक्रमणको घटनाको टुंगो नलाग्दै सोही विषयमा फेरि एक एक मेयरमाथि आक्रमणको प्रयास भएको छ। जिल्लाको मध्यभाग गरुडा नगरपालिकाका मेयर कन्थमणि जैसवालमाथि आइतबार साँझ आक्रमणको प्रयास भएको हो। शिक्षक सरुवाको बिषय लिएर आइतबार १०–१२ जनाको संख्यामा मेयर जैसवालको घरमा गएका मानिसहरू भनाभन गर्दै आक्रमणको प्रयास गरेका हुन्।

आक्रामक शैलीमा गएका उनीहरूले मेयर जैसवालको घर अगाडी तथानाम गालीगलौज गरिरहेका थिए। प्रतिबाद गरेका मेयरका छोरा शैलेश जैसवालमाथि उनीहरू धक्कामुकीसमेत गरेका छन्। गत शुक्रबार नगर शिक्षा समितिको बैठकले ६ जना शिक्षकको सरुवा गर्ने निर्णय गरेको थियो। सोही मध्ये एक जना मावि गरुडाका शिक्षकलाई अन्य विद्यालयमा किन सरुवा गरेको भन्दै उनीहरू मेयर कन्थमणि जैसवालमाथि आक्रमण गर्न खोजेको बुझिएको छ।

शिक्षक सरुवाको विषय नगरपालिकामा गएर सुल्झाउनु पर्नेमा केही राजनीतिक दलका नेता तथा अन्य शिक्षकहरूको उस्काहटमा गरुडा ४ का केही मानिसहरू यस प्रकारको अभद्र व्यवहार गरेको मेयरका छोरा शैलेश जैसवालले बताएका छन्। गरुडा ४ का रामएकवाल पटेल, वीरेन्द्र पटेल, दिलिप पटेल, होसनारायण यादव, श्याम यादव, छोटेलाल पटेल र लालबाबु यादवलगायतका मानिसहरू मेयर जैसवालविरुद्ध खुलेरै लागेको शैलेशले जानकारी दिएका छन्।

यसैबीच अभद्र व्यवहारमा लागेका ७ जनाविरुद्ध इलाका प्रहरी कार्यालय गरुडामा लिखित उजुरी दिएको मेयरका छोरा शैलेशले बताएका छन्। इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले सामान्य भनाभन भएको तर कसैमाथि आक्रमण नभएको बताउँदै आवश्यक अनुसन्धान गरिरहेको बताएका छन्। यसअघि शिक्षक सरुवाको बिषय लिएर देवाही गोनाही नगरपालिका भवन र मेयर प्रेमलाल साहको घरमा आक्रमण गर्दा ७५ लाख बराबरको क्षति भएको सार्वजनिक गरिएको थियो। उक्त घटनामा ईलाका प्रहरी कार्यालय गरुडाका १० जनाविरूद्ध मुद्दा दायर गरिएको थियो।

# विवाहपञ्चमीका लागि भारतीय पक्षलाई निमन्त्रणापत्र हस्तान्तरण

पर्सा, ३ मंसिर। विवाह पञ्चमीका लागि भारतीय पक्षलाई निमन्त्रणापत्र हस्तान्तरण गरिएको छ। मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले उत्तर प्रदेशको अयोध्या धाममा आयोजित तिलकोत्सव समारोहमा भारतीय पक्षलाई निमन्त्रणापत्र हस्तान्तरण गरेका हुन्। विश्व हिन्दु परिषद् नेपाल धनुषाद्वारा सोमबार अयोध्याधाममा आयोजित समारोहमा मुख्यमन्त्री सिंहले राममन्दिर ट्रस्टका महासचिव चम्पत रायलाई निमन्त्रणापत्र हस्तान्तरण गरे। सो अवसरमा मुख्यमन्त्री सिंहले नेपाल र भारतबिच परापूर्वकालदेखि आर्थिक सामाजिक, धार्मिक र रोटी–बेटीकोसम्बन्ध रहेकाले आगामी दिनमा यो सम्बन्ध थप प्रगाढ बन्दै जाने विश्वास व्यक्त गरे। उनले विवाहपञ्चमी समारोह हर्षोल्लासका साथ मनाउन नेपाल र भारतका नागरिकले खेलेको भूमिका अत्यन्त महत्त्वपूर्ण र सराहनीय रहेको बताए।

ट्रस्टका महासचिव रायले जनकपुरधाम र अयोध्याको सम्बन्धलाई थप प्रगाढ बनाउन नेपाल र भारत सरकारका साथै नागरिक तहमा रहेको सम्बन्ध महत्त्वपूर्ण रहेको बताए। तिलकोत्सव समारोहका लागि मुख्यमन्त्री सिंहको नेतृत्वमा मधेस प्रदेशका वन तथा वातावरणमन्त्री त्रिभुवन साह, गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी, श्रम तथा यातायातमन्त्री कौशलकिशोर राय, उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री सकिल अलि मियाँ, स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधनप्रसाद सिंह, प्रदेश सभा सदस्य रुपा यादव र जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहलगायतको टोली अयोध्या पुगेको छ।

# सरकार असफल भइसक्यो : प्रभु साह

महोत्तरी, ३ मंसिर। आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले वर्तमान सरकार असफल भईसकेको टिप्पणी गरेका छन्। आजपा मधेस प्रदेश कमिटीद्वारा आयोजित 'भ्रष्टाचार बिरुद्ध मधेस यात्रा' कार्यक्रमको महोत्तरीको जलेश्वरमा आयोजित आमसभालाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले शान्ति सुरक्षा कायम गर्न असफल भएको प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले हरेक बस्तुमा कर आतंक मचाएकाले आम जनता रुष्ट रहेको दाबी गरे।

आम जनताको शासन व्यवस्थाका लागि सडकबाटै यो सरकार र व्यवस्था फाल्न आवश्यक भएको बताउँदै उनले तेस्रो जनआन्दोलनको बिकल्प नभएको बताए। उनले जनता र मुलुक विरोधी तानाशाही सरकार र यो व्यवस्थाको विरोधमा उत्रिन आह्वान गर्दै नेताहरुमाथि कसैको विश्वास नभएको बताए। उनले कुनै काम नलाग्ने यो सरकार र व्यवस्था फाल्नमा ढिलाई गरे मुलुकले ठुलो मुल्य चुकाउनुपर्ने बताए। उनले सत्ताको दुरूपयोग गरी व्यापारीबाट अनुचित लाभ लिने काम गरेको ओली सरकारले भ्रष्ट कर्मचारीलाई प्रोत्साहन र इमान्दारलाई दण्डित गरिरहेको आरोप लगाए। जनताको आवश्यक्ता र चाहना अनुसार सेवा प्रवाह गरेर जनतामा आशा जगाउने काम गर्नुको साटो सरकारले जनतालाई ऋणको भारी बोकाउने र राज्यको ढुकुटी लुटने काममै केन्द्रित भएको उनको आरोप छ।

आजपा धनुषा जिल्ला अध्यक्ष अरबिन्द साहको अध्यक्षतामा 'भ्रष्टाचार बिरुद्ध मधेस यात्रा' अन्तरगतको कार्यक्रममा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, उपाध्यक्षद्धय समिना हुसेन, बिल्टु यादव, महासचिव त्रिभुवन साह, उपमहासचिव राजन यादव, सचिव श्रीचन मुखिया, स्थायी कमिटी सदस्य राधेश्याम साह, सुनिता साह क्रान्ति लगायतको बिशेष सहभागिता रहेको प्रवक्ता चन्द्रभुषण साहले जानकारी दिए।

# विद्यार्थीको अनुपातअनुसार शिक्षकको व्यवस्था गर्न अध्यक्ष साहको आग्रह

सप्तरी, ३ मंसिर। आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले विद्यार्थी अनुपातअनुसार शिक्षकको व्यवस्था गर्न सरकारलाई आग्रह गरेका छन्। आइतबार आयोजित पत्रकार सम्मेलनमा उनले प्रदेश सरकार र संघीय सरकारलाई विद्यार्थीको अनुपातमा तत्काल शिक्षक व्यवस्थाका लागि आग्रह गरे। अध्यक्ष साहले भ्रष्टाचार, अनियमितता, कुशासन, मनपरी कर, महँगी, बेरोजगारी, बैदेशिक रोजगारमा ठगीलगायत विषयमा आफ्नो पार्टीले आवाज उठाउँदै आएको बताए। आफू माओवादी र एमालेमा रहँदा उच्च पद र ठूलो हैसियत पाए पनि ती पार्टीको कार्यशैलीका कारण देश र जनताका समस्या समाधान हुन नसक्ने ठानेर छुट्टै अभियानमा लागेको उनले बताए।

# आगोले पोलेर घाइते महिलाको उपचारका क्रममा मृत्यु

सर्लाही, ३ मंसिर। खाना पकाउने क्रममा आगोले पोलेर घाइते भएकी एक महिलाको उपचारको क्रममा मृत्यु भएको छ। जिल्लाको ईश्वरपुर नगरपालिका–६, झन्झट टोल निवासी ३८ वर्षीया नैमुन खातुनको उपचारको क्रममा आज मृत्यु भएको हो। खातुनको १९ वर्षकी छोरी आशो खातुन भने उपचारपछि घर फर्किएकी छन्। गत कात्तिक २५ गते बिहान खाना पकाउने क्रममा 'एलपी' ग्याँस लिक हुँदा आगोले दुवै जनालाई पोलेको थियो।

तत्काल स्थानीयले उद्धार गरी बयलवासस्थित अस्पतालमा सामान्य उपचार पछि थप उपचारका लागि आमा नैमुन खातुनलाई किर्तिपुर पुर्याए पनि सो अस्पतालका चिकित्सकले उपचार नहुने भन्दै फर्काइ दिएका थिए। पुनः चितवनस्थित भरतपुर अस्पताल पुऱ्याइ उपचार गर्ने क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ। आगोले आमा नैमुनको ७५ प्रतिशत र छोरी आशोको १५ प्रतिशत शरीरको भाग जलेको जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)